# पूर्ण खोप पालिका घोषणा

नेपालगन्ज समाचारदाता
*नेपालगन्ज, वैशाख २८ गते*

खोप लगाउन छुटेका ५८ जना बालबालिकालाई खोप लगाएपछि बाँकेको जानकी गाउँपालिकालाई यस वर्षको जिल्लाकै पहिलो पूर्ण खोप सुनिश्चित तथा दिगोपना पालिका घोषणा गरिएको छ।

गाउँपालिकाका उपाध्यक्ष एवं पालिकास्तरीय खोप समन्वय समितिका उपाध्यक्ष रामप्यारी यादवले पालिकाभित्रका एक हजार ११७ जना बालबालिकाले राष्ट्रिय खोप तालिका अनुसार सम्पूर्ण खोप प्राप्त गरेपछि गाउँपालिकालाई पूर्ण खोप सुनिश्चित तथा दिगोपना पालिका घोषणा गरिएको बताउनुभयो।

उहाँका अनुसार छुटेका ५८ जना बालबालिकासमेत खोजी गरी घर घरमै पुगेर खोप सेवा प्रदान गरिएको थियो। उपाध्यक्ष यादवले समाजमा अझै पनि खोपप्रति चेतनाको कमी रहेका कारण स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाले निकै मेहनत गर्नु परेको जनाउनुभयो।

जिल्ला समन्वय समिति बाँकेका प्रमुख ज्ञानेन्द्र चौधरीले एक औपचारिक कार्यक्रममा जानकीलाई पूर्ण खोप सुनिश्चित पालिका घोषणा गर्दै समुदायमा खोपसम्बन्धी सेवाबाट कुनै पनि बालबालिका वञ्चित हुन नदिन पालिका प्रतिबद्ध रहनुपर्नेमा जोड दिनुभयो।

# गर्मी बढेसँगै कृष्णसार संरक्षणमा सोलार पोखरी

बबई समाचारदाता
*बबई (बर्दिया), वैशाख २८ गते*

तराई क्षेत्रमा अत्यधिक गर्मी बढ्दै जाँदा वन्यजन्तुका लागि पानीको अभाव हुन थालेपछि बर्दियाको कृष्णसार संरक्षण क्षेत्रमा सोलार प्रविधियुक्त पोखरी निर्माण गरिएको छ। दुर्लभ वन्यजन्तु कृष्णसारलाई गर्मीमा सहज रूपमा पानी उपलब्ध गराउने उद्देश्यले संरक्षण क्षेत्रभित्र विभिन्न स्थानमा सोलार पोखरी निर्माण गरिएको हो।

गुलरिया नगरपालिका–२ स्थित कृष्णसार संरक्षण क्षेत्रमा हाल छ स्थानमा सो पोखरी निर्माण गरिएको संरक्षण क्षेत्र कार्यालयले जनाएको छ। करिब दुई हजार ५५० बिघा क्षेत्रफलमा फैलिएको संरक्षण क्षेत्रमा हाल २४४ कृष्णसार छन्। तीमध्ये ६१ भाले, १६८ पोथी र १५ बच्चा छन्। सोलार प्रणाली बिहान घाम लागेपछि सञ्चालन हुने र साँझ घाम अस्ताएपछि स्वतः बन्द हुने भएकाले पोखरीमा निरन्तर पानी उपलब्ध हुने व्यवस्था मिलाइएको छ।

> सोलार प्रणाली बिहान घाम लागेपछि सञ्चालन हुने र साँझ घाम अस्ताएपछि स्वतः बन्द हुने भएकाले पोखरीमा निरन्तर पानी उपलब्ध हुने व्यवस्था मिलाइएको छ।

कृष्णसार संरक्षण क्षेत्र कार्यालय बर्दियाका सूचना अधिकारी रामु केसीका अनुसार संरक्षण क्षेत्रभित्र पर्याप्त पानी नहुँदा कृष्णसार पानीको खोजीमा बाहिरिने र त्यस क्रममा कुकुर तथा अन्य वन्यजन्तुको आक्रमणमा पर्ने जोखिम बढ्ने गरेको थियो। पोखरी निर्माणपछि संरक्षण क्षेत्रभित्रै पानीको सहज उपलब्धता हुने भएकाले कृष्णसारको सुरक्षा र संरक्षणमा थप सहयोग पुग्ने उहाँले बताउनुभयो।

गुलरिया नगरपालिका–२ का वडाध्यक्ष टङ्कप्रसाद अधिकारीले स्थानीय समुदायले सुरु गरेको संरक्षण अभियानलाई सरकारले संरक्षण क्षेत्र घोषणा गरेपछि थप व्यवस्थित रूपमा अघि बढाइएको बताउनुभयो। धार्मिक तथा सांस्कृतिक दृष्टिले समेत कृष्णसारलाई विशेष महत्त्वका साथ हेर्ने गरिन्छ। भगवान् कृष्णसँग जोडेर यादव समुदायले विशेष श्रद्धाका साथ कृष्णसारलाई संरक्षण गर्ने परम्परा रहिआएको छ। तराई क्षेत्रमा विशेष गरी गुलरिया आसपासमै कृष्णसारको प्राकृतिक वासस्थान रहेको पाइन्छ।

---

**का.जि., का.म.पा. वडा नं. १ स्थित पद्मकारा सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लिमिटेडलाई उपस्थित हुन आउनेबारे १५ दिने सूचना।**

काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. १ स्थित बायोमेड इन्टरनेशनल प्रा.लि.ले तपाईंका विरुद्धमा "घर खाली गराई वहाल रकम समेत दिलाई भराई पाऊँ" भन्ने उजुरी काठमाडौँ महानगरपालिका न्यायिक समिति समक्ष दायर गरेको हुँदा तपाईंको नाममा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा आफैँ वा कानून बमोजिमको वारेस मार्फत उक्त मुद्दा (विवाद) सँग सम्बन्धित आफूसँग भएका प्रमाण कागजात सहित लिखित जवाफ लिई यस कार्यालयमा उपस्थित हुन आउनुहोला । अन्यथा कानून बमोजिम भइजाने व्यहोरा यो सार्वजनिक सूचना मार्फत जानकारी गराइन्छ ।

**काठमाडौँ महानगरपालिका**
**कानून तथा मानव अधिकार विभाग**

---

*"Advancing a Knowledge Society of Innovation, Excellence, and Sustainability"*

## Second Call for Graduate Research Grant

Gandaki University, through the Research Center, Innovation and Invention Center (RC-II), is pleased to announce a **Call for Proposals** under the **Gandaki Research Program (GRP)** for the following funding schemes:

**Graduate Research Grant (Master's & PhD)**
Submission Deadline: May 22, 2026
For further details, please visit the website: www.gandakiuniversity.edu.np
https://www.facebook.com/gandakiuniversity/

---

**कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौँको**

## विशेष दर्ता खारेजी सम्बन्धी सूचना

**यस कार्यालयमा मिति २०७१-०८-०४ मा दर्ता भएको प्रा.लि.नं. १२८६३१ को थानापती ट्राभल्स एण्ड टुर्स नामक कम्पनी यस कार्यालयको मिति २०८३-०१-२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

---

## राष्ट्रिय वाणिज्य बैंक लि.
**शाखा कार्यालय, जनकपुर**

### निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना ।

**प्रथम पटक प्रकाशित मिति : २०८३।०१।२९**

स्थायी ठेगाना मधेश प्रदेश, जिल्ला धनुषा, गणेशमान चारनाथ नगरपालिका वडा नं. ०२ बस्ने श्री राम चन्द्र ठाकुर हजामको मिति २०८१।१०।२० गते मृत्यु भइसकेकोले मृतक राम चन्द्र ठाकुर हजामको खाताको रकम भुक्तानी पाऊँ भनी निज खातावालाकी श्रीमती नाता पर्ने श्री संसा ठाकुरले यस बैंकमा मिति २०८२।१२।२८ गते निवेदन गरेको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा अन्य कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाको हकदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र आ-आफ्नो सबुत प्रमाण सहित यस राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, जनकपुरमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित म्यादभित्र दाबी गर्न नआएमा पछि कुनै उजुरी नलाग्ने समेत यसै हकदाबी गर्न आउने सूचनाबाट सम्बन्धित सबै सरोकारवालाको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

---

## राष्ट्रिय वाणिज्य बैंक लि.
**शाखा कार्यालय, तुलसीपुर (४१६)**

### निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८३।१।२९)**

लुम्बिनी प्रदेश, रोल्पा जिल्ला, साविक गैरीगाउँ वडा नं. ३ बस्ने तेज बहादुर खड्का क्षेत्री (ना.प्र.नं. ४७३ रोल्पा, जारी मिति २०३८।०९।१५) को मिति २०७८।०१।२२ मा मृत्यु भएकोले यस बैंकमा रहेको बचत हिसाव न ४१६०१००१०१५०२०१० को सम्पूर्ण रकम भुक्तानी पाऊँ भनी निज खातावालाका छोरा खिम बहादुर खड्का (ना.प्र.नं. १४८/१२३७ दाङ, जारी मिति २०५३।०९।२२) ले यस बैंकमा मिति २०८३।०१।२३ मा निवेदन दिनुभएकोले निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हलदारहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैँतीस) दिनभित्र आ-आफ्नो सबुत प्रमाण सहित यस बैंकको शाखा कार्यालय तुलसीपुरमा हकदाबी गर्न आउनुहोला । सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लिखित म्यादभित्र दाबी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ ।

---

**लुम्बिनी प्रदेश सरकार**
**कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय**
**कृषि विकास निर्देशनालय**
**कृषि ज्ञान केन्द्र, तम्घास, गुल्मी**

## धरौटी रकम फिर्ता लिनेसम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८३।०१।२९

प्रस्तुत विषयमा कृषि ज्ञान केन्द्र गुल्मीमा मौज्दात रहेका विगत विभिन्न आर्थिक वर्षहरूमा विभिन्न कार्यका लागि राखिएका प्रयोजन समाप्त भएका नामनामेसी खुलेका व्यक्ति, फर्म, समूह तथा सहकारीहरूको धरौटी रकम फिर्ता लिन बाँकी रहेकोले धरौटी रकम जम्मा गरेको प्रमाणसहित सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र कार्यालय समयमा यस कार्यालयमा सम्पर्क गरी धरौटी रकम फिर्ता लिन सम्बन्धित व्यक्ति, फर्म, समूह तथा सहकारी सबैलाई यो सूचना प्रकाशित गरिएको छ।

तोकिएको समयभित्र प्रमाणसहित धरौटी रकम फिर्ता लिन नआएमा प्रचलित कानुन बमोजिम उक्त रकम सरकारी राजस्वमा दाखिला/सदरस्याहा गरिने व्यहोरा जानकारी गराइन्छ। विस्तृत विवरण कार्यालयको वेबसाइट तथा सूचना पाटीमा समेत रहेको जानकारी गराइन्छ।

थप जानकारीको लागि कार्यालयको आर्थिक प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ।

**कार्यालय प्रमुख**
**कृषि ज्ञान केन्द्र, गुल्मी**

---

**चाँगुनारायण नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खरिपाटी, भक्तपुर**
**बागमती प्रदेश, नेपाल**

## क्यान्टिन (चमेनागृह) सञ्चालनको लागि सिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना।

**(प्रथम पटक प्रकाशित मिति : २०८३/०१/०९)**
**(दोश्रो पटक प्रकाशित मिति : २०८३/०१/२९)**

यस नगरपालिकाको कार्यालय परिसरमा रहेको क्यान्टिन (चमेना गृह) सञ्चालनको लागि प्रचलित कानुन बमोजिम खुल्ला प्रतिस्पर्धाको माध्यमबाट घटाघटमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक संस्था/फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयमा यस कार्यालयबाट दरभाउपत्र खरिद गरी ८ औं दिनको १२:०० बजे भित्र (दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट) कार्यालबाट निर्धारित कागजातहरु संलग्न राखी सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन दोश्रोपटक यो सूचना प्रकाशित गरिएको छ। सूचना सम्बन्धी विस्तृत विवरण चाँगुनारायण नगरपालिकाको वेबसाइट www.changunarayanmun.gov.np, नगरपालिकाको फेसबुक पेज र सूचनापाटीमा हेर्न सकिनेछ । *थप जानकारीको लागि यस नगरपालिकाको सम्पर्क नं ०१-६६१४८०९ वा राजश्व प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।*

**प्रमुख प्रशासकीय अधिकृत**

---

## शिलबन्दी दरभाऊपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३ वैशाख २९ गते ।)

यस नेपाल टेलिकमको सूचना प्रविधि निर्देशनालयको लागि आवश्यक भएको Smart Access Control System (SACS) शिलबन्दी दरभाउपत्र नं. NDCL/CTO/SQ/01/082-83 for Supply, Delivery, Installation, Commissioning and Handover of Smart Access Control System (SACS) मार्फत खरिद गर्नु पर्ने भएकोले इच्छुक मू.अ.कर (VAT) मा दर्ता भएका कम्पनीलाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले सोह्र (१६)औं दिन अर्थात् मिति २०८३ जेष्ठ १३ गते दिनको मध्यान्ह १२.०० बजे भित्र यस निर्देशनालयमा रीतपूर्वक शिलबन्दी दरभाउपत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध गरिन्छ ।

| | |
|---|---|
| **दरभाऊपत्र फाराम शुल्कः** | ने.रु. ३,०००.०० (अक्षरेपीः नेपाली रुपियाँ तीन हजार मात्र) पछि फिर्ता नहुने । |
| **दरभाउपत्र फाराम बिक्री शुरु मितिः** | मिति २०८३ बैशाख २९ गतेदेखि । |
| **दरभाउपत्र खरिद गर्ने तथा बूझाउने अन्तिम मितिः** | मिति २०८३ जेठ १३ गते, मध्यान्ह १२.०० बजेसम्म । |
| **दरभाउपत्र खोल्ने मितिः** | मिति २०८३ जेठ १३ गते, मध्यान्ह १२.३० बजे । |

दरभाउपत्र खोल्ने दिनमा सार्वजनिक बिदा पर्न गएमा त्यसको लगत्तै कार्यालय खुलेको दिन उल्लेखित समयमा नै दरभाउपत्र दर्ता गर्न तथा खोल्ने कार्य गरिनेछ ।

**नेपाल टेलिकम**
केन्द्रीय खरिद विभाग, प्रमुख प्राविधिक अधिकृतको कार्यालय,
केन्द्रीय कार्यालय, भद्रकाली प्लाजा, काठमाडौं । फोन : ४२१०३१०

---

**काठमाडौं महानगरपालिका**
**यँ महानगरपालिका ज्यासः**
**नगर कार्यपालिकाको कार्यालय**
**खरिद एकाइ**
**काठमाडौं प्लाजा, कमलादी, काठमाडौं**

## बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना।

**प्रकाशित मिति : २०८३।०१।२९**
**नेपाल संवत ११४६ बछलागा दसमि**

काठमाडौं महानगरपालिका खरिद एकाईले तपसिलको कार्यका लागि गोरखापत्र (राष्ट्रिय) दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरेको, तोकिएको समयभित्र रीतपूर्वक दर्ता भएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लेखित बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) र २७(२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाता एवं सबै सरोकारवालाहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र स्वीकृत हुने फर्मको नाम | कबोल अंक (रु.) |
|---|---|---|---|---|
| १. | 24-40-082-83-NCBW-KMC | Construction of Shanti Bidhyagriha Ma.Vi. at Lainchaur, KMC-26 | Deuti Bajai – Ganga and Singh – KB Sons JV | ५,७१,७६,४००.५२ (मु.अ.कर र पि.एस. बाहेक) |
| २. | 13-22-082-83-NCBG-KMC-Re | Supply, Delivery and Installation of Street Light at Ward-14, KMC | Bright Sun Company Pvt. Ltd. | ५२,३२,२५०.०० (मुअ.कर बाहेक) |
| ३. | 13-23-082-83-NCBG-KMC | Installation of CCTV at different marg of ward no. 14, KMC | NexGen IT Solutions Pvt. Ltd. | ७८,०८,३०५.०० (मुअ. कर बाहेक) |

**खरिद एकाइ**

---

**Bethanchok Rural Municipality**
**Office of Rural Municipal Executive**
**Dhungkharka, Kavrepalanchowk**
**Bagamati Province, Nepal**

## Letter of Intent to Award the Contract

**Date of Publication: 2083/01/29**

This is to notify you that, it is our intention to award the contract for execution of the following bids to following substantially responsive lowest evaluated bidders. Corresponding Lowest Evaluated Substantially Responsive Bid is selected in accordance with ITB 38 and 39 of bidding document and this notice is published as per PPA 2063 clause 27.

| S. N. | Name of Contract | Contract Identification No. | Substantially Responsive Lowest Evaluated Bidder | Bid Amount (with VAT & PS in NRS) |
|---|---|---|---|---|
| 1 | Bhanjyang Golgaun Bhugdeu Medhamsu Road | BRM/082/83/ WORKS/19 | Golmadevi/Jaintia Hills J/V | 1,53,16,560.33 |

**Chief Administrative Officer**

---

**नमोबुद्ध नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भकुण्डेबेंशी, बागमती प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०१/२९**

यस नमोबुद्ध नगरपालिकाबाट मिति २०८२/१२/११ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही देखिई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीका निम्ति यो आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | वोलपत्र नं. | कामको विवरण | दर भाउपत्रदाताको नाम र ठेगाना | कवोल अंक (VAT र PS सहित) |
|---|---|---|---|---|
| १ | NMUN/NCB/ WORK/18/082/083 | Construction Of Buchchakot Water Supply Project,(Deep Boring Works) | Gaidakot Drilling & Construction Pvt.Ltd Gaidakot Municipality-01 Nawolparasi | 19,85,149.00 |

---

# बर्दिबास नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
**बर्दिबास, महोत्तरी, मधेश प्रदेश, नेपाल**

## एम्बुलेन्स खरिद सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८३।०१।२९ गते)**

यस नगरपालिका अन्तर्गत बिजलपुरा स्वास्थ्य चौकी, वडा नं. १३ बर्दिबासका लागि आवश्यक १ (एक) थान एम्बुलेन्स सार्वजनिक खरिद ऐन,२०६३ (संशोधित सहित) को दफा ८ को उपदफा (१)(क)(८) तथा सार्वजनिक खरिद नियमावली,२०६४ (संशोधित सहित) को नियम ३१ (ख) बमोजिम एम्बुलेन्स उत्पादक (Manufacturer) कम्पनी वा सोको आधिकारिक बिक्रेता (Importer) हरू बीच प्रतिस्पर्धा गराई क्याटलग सपिङ (Catalogue Shopping) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ख)को उपनियम (२) अनुसार संलग्न स्पेसिफिकेसन अनुसारको एम्बुलेन्स बिक्री गर्न चाहने उत्पादक (Manufacturer) वा आधिकारिक बिक्रेता (Importer) हरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजात सहित कार्यालय समयभित्र प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत स्पेसिफिकेसन यस कार्यालयको website: www.bardibasmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

**प्रस्तावकर्ताले पेश गर्नुपर्ने आवश्यक कागजातहरू**

१. नवीकरण गरिएको फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२. मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. खरिद सम्बन्धी कारबाहीमा नपरेको स्वघोषणापत्र ।
५. Technical Specification प्रमाणित गर्ने रङ्गिन ब्रोसर (Catalogue) ।
६. आफ्नो मालसामानको बजार मूल्य प्रमाणित गर्ने कागजात (पत्रिकामा प्रकाशित भएको वा कम्पनीको लेटर प्याडमा आधिकारिक व्यक्तिले सहीछाप गरी प्रमाणित गरेको कागजात) ।
७. Warranty वा Guarantee सम्बन्धित कागजातहरू ।
८. यस कार्यालयलाई सम्बोधन गरी लेखिएको सम्बन्धित उत्पादकले प्रदान गरेको Manufacturers Authorization letter ।
९. कार्यालयबाट जारी भएको Technical Specification भरी पेश गर्नुपर्नेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

---

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**सशस्त्र प्रहरी बल, नेपाल**
# नं. ४१ रिजर्भ गण हे. क्वा, लमही दाङ्ग

## दरभाउपत्र आह्वानको सूचना

**सूचना नं. १/०८२/०८३ प्रकाशित मिति : २०८३/०१/२९**

सशस्त्र प्रहरी बल, नेपाल नं. ४१ रिजर्भ गण हे. क्वा, लमही दाङ्गबाट तपसिलमा उल्लिखित कार्य दरभाउपत्र बाट गर्नु गराउनुपर्ने भएकोले इच्छुक इजाजतपत्र प्राप्त नेपाली निर्माण व्यावसायीबाट निम्न शर्तहरूको अधीनमा रही रीतपूर्वकको दरभाउपत्र आह्वान गरिन्छ ।

१) यो सूचना प्रकाशित भएको मितिले ८औं दिनभित्र यस सशस्त्र प्रहरी बल, नेपाल नं. ४१ रिजर्भ गण हे. क्वा, लमही दाङ्गबाट प्रत्येक दरभाउपत्र फारामका लागि तपसिलमा उल्लिखित दरभाउपत्र खरिद दस्तुर बुझाई (पछि फिर्ता नहुने गरी) दरभाउपत्र खरिद गर्ने निवेदनका साथ चालू आ.व.को नवीकरण गरिएको व्यवसायी दर्ता इजाजत पत्र, स्थायी लेखा नम्बर प्रमाण पत्र र मूल्य अभिवृद्धि करको दर्ता प्रमाण पत्र तथा आ.व. ०८१।०८२ सम्मको कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि पेश गरी, कार्यालयबाट वा सशस्त्र प्रहरी बल, नेपाल नं. ४१ रिजर्भ गण हे. क्वा, लमही दाङ्गको कार्यालय कोड ३१४००५६०९५ राजस्व शीर्षक नं. १४२२९ रा.वा. बैंक लिमिटेड खाता नं. १०००१००२०००१०००० मा जम्मा गरी भौचर पेश गरी खरिद गर्नुपर्नेछ ।
२) खरिद भएका दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले ८औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, दरभाउपत्रवालाको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई आधिकारिक सही र फर्मको छाप लगाई सिलबन्दी गरी दर्ता गराउनुपर्नेछ ।
३) दर्ता भएका दरभाउपत्रहरू सोही दिन दिनको २:०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरूको रोहबरमा सशस्त्र प्रहरी बल, नेपाल नं. ४१ रिजर्भ गण हे. क्वा, लमही दाङ्गमा खोलिनेछ तर दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
४) दरभाउपत्र खरिद तथा दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदाको पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।
५) दरभाउपत्रसाथ जमानत बापतको तपसिलमा उल्लिखित रकम नेपाल बैंक लिमिटेड, को.ले.नि.का. दाङ्ग, धरौटी खाता नं. ०२७०२०००००२००३००००००१ मा नगद जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त बैंकबाट सशस्त्र प्रहरी बल, नेपाल नं. ४१ रिजर्भ गण हे. क्वा, लमही दाङ्गको नाममा जारी भएको, दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट ७५ दिनसम्म म्याद भएको बिडबन्ड पेश गर्नुपर्नेछ ।
६) दरभाउपत्र दाताले दरभाउपत्रमा दररेट भर्दा मूल्य अभिवद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । दरभाउपत्रमा आइटम वाइज दर अङ्क र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अङ्क र अक्षरबीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दरभाउपत्र दाताको अनिवार्य सही छाप भएको हुनुपर्नेछ ।
७) कालो सूचीमा नपरेको स्वयं घोषणापत्र दरभाउपत्र साथ अनिवार्य पेश गर्नुपर्नेछ ।
८) म्याद नाघी आएको, रीत नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।
९) एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्मको नामवाट दाखिला गर्न पाइने छैन ।
१०) कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक दरभाउपत्र स्वीकृत गर्ने वा रद्द गर्ने अधिकार सशस्त्र प्रहरी बल, नेपाल नं. ४१ रिजर्भ गण हे. क्वा, लमही, दाङ्गमा सुरक्षित रहनेछ तथा उल्लिखित शर्तहरू रीतपूर्वक नभएको दरभाउपत्र स्वतः खारेज हुनेछ ।
११) सूचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन समेत) र सार्वजनिक खरिद अध्यादेश, २०८३ बमोजिम हुनेछ ।

**कामको विवरणहरू :**

| सि. नं. | ठेक्का नं. | कामको विवरण/स्थान | कुल ल.ई. रकम रु. (मू.अ.क. र कन्टिन्जेन्सी बाहेक) | धरौटी रकम | बोलपत्र खरिद दस्तुर |
|---|---|---|---|---|---|
| १. | SQ/APF/WORKS/ No41rbtn. HQ.dang/082/083-001 | सशस्त्र प्रहरी वल नेपाल ४१ गण हेडक्वाटर भौतिक पूर्वाधार निर्माण । | ८,३१,८५८।४१ | २२,०००।०० | १,०००।०० |